प्रति साधारण शेयर रु.१००/- अंकित दरको २६,०३,३१४.०७५ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

कुपण्डोल, ललितपुर, फो.नं.: ५५४४५१७, फ्याक्स नं.: ५५४०८४२, E-mail: central@ntc.net.np, URL: www.centralfinance.com.np

क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :

स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरू" अनुसार निष्काशन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ५" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ५" ले औसत भन्दा तल (Below Average Fundamentals) आधारहरू जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरू जनाउँछ। ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मितिः २०७४/९/२३ गते

निष्काशन बन्द हुने मितिः २०७४/१०/२८ गते

(बैकिंग समय पश्चात्)

२ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु.५२,०६,६२,८१५/- को दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा रु.१००/- अंकित दरका २६,०३,३१४.०७५ कित्ता हकप्रद साधारण शेयर मिति २०७४/९/३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : सेन्ट्रल फाईनान्स लिमिटेड (Central Finance Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, ललितपुर महानगरपालिका-१० कुपण्डोल, ललितपुरमा रहेको छ ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको वित्तीय कारोवार गर्ने मुख्य स्थान कुपण्डोल, ललितपुरमा रहेको छ । यसको अलावा वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र अन्तर्गत देहायको स्थानहरु मार्फत वित्तीय कारोवारहरु गर्दै आइरहेको छ ।

सि.नं.	कार्यालयको ठेगाना	कार्यालयको प्रकार	सि.नं.	कार्यालयको ठेगाना	कार्यालयको प्रकार
१.	चावहिल, काठमाण्डौ	शाखा कार्यालय	२.	नारायणगढ, चितवन	शाखा कार्यालय
३.	बुटवल, रुपन्देही	शाखा कार्यालय	४.	च्याम्हासिंह, भक्तपुर	शाखा कार्यालय
५.	बर्दिबास, सिन्धुली	शाखा कार्यालय	६.	बर्दघाट, नवलपरासी	शाखा कार्यालय

उपरोक्त स्थानहरुको अलावा यस वित्तीय संस्थाले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति समेत लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

सेन्ट्रल फाईनान्स लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५३ साल बैशाख ६ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०५४ बैशाख २ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी सोही दिन देखि वित्तीय संस्थाले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस वित्तीय संस्थाका संस्थापकहरुमा वित्तीय क्षेत्र तथा ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित कम्पनी सम्बन्धी कानून, धितोपत्र सम्बन्धी कानून र प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न देशमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी संस्थागत रुपमा लगानी गरी वित्तीय कारोबार मार्फत आर्थिक विकासमा सहयोग पुऱ्याउँदै मुनाफा आर्जन गर्ने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने, र

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचीत परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,०४,००,००,०००/- (अक्षेरुपी एक अर्व चार करोड) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,०४,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी : यस वित्तीय संस्थाको जारी पूँजी रु.७८,०९,९४,२२२/५० (अक्षेरुपी अठ्हत्तर करोड नौ लाख चौरान्नब्बे हजार दुई सय बाईस पैसा पचास) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले ७८,०९,९४२.२२५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी : हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु.५२,०६,६२,८१५/- (अक्षेरुपी बाउन्न करोड छ लाख बासाठी हजार आठ सय पन्ध्र) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ५२,०६,६२८.१५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.७८,०९,९४,२२२/५० (अक्षेरुपी अठ्हत्तर करोड नौ लाख चौरान्नब्बे हजार दुई सय बाईस पैसा पचास) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	४१,१८,९६३.५३	५२.७४%	४१,१८,९६,३५२.९५	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	३६,९०,९७८.७०	४७.२६%	३६,९०,९७,८६९.५५	शतप्रतिशत
	जम्मा	७८,०९,९४२.२३	१००%	७८,०९,९४,२२२.५०	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	व्यबसायिक अनुभव	प्रतिनिधित्व समूह
१.	श्री संजोज मान श्रेष्ठ छाउनी, काठमाण्डौ	अध्यक्ष	बि.ई.	- प्रबन्ध सञ्चालकको रुपमा विगत १० वर्ष देखि प्रिमियर आलमुनियम वर्क्स प्रा.लि.मा कार्यरत, - यस संस्थाको स्थापनाकाल बि.सं. २०५४ साल देखि नै सञ्चालक ।	संस्थापक समूह
२.	श्री विश्व राम कवाँ गोलमढी, भक्तपुर	संचालक	वि.ए.	- अध्यक्ष भक्तपुर ईट्टा भट्टा संघ, प्रथम उपाध्यक्ष नेपाल ईट्टा उद्योग महासंघ, मैत्री चिम्नि ईटा उद्योगका प्रोप्राइटर, हनुमान ईटा उद्योगका साझेदार, नेपाल यातायात व्यवसायी संघका पूर्व केन्द्रीय सदस्य, भक्तपुर ट्रक व्यवसायी संघका पूर्व संस्थापक अध्यक्ष, अरनिको लायन्स क्लवका पूर्व संस्थापक अध्यक्ष, भक्तपुर युवा टीमका पूर्व अध्यक्ष, हाल सल्लाहकार र ३० वर्ष शिक्षा सेवा गरी नि.मा.वि. प्रधानाध्यापकबाट अवकाश ।	संस्थापक समूह
३.	श्री विष्णु प्रसाद किसी जगाती, भक्तपुर	संचालक	एम.वि.ए.	- वि.सं २०५८ देखि हाल सम्म ख्वप उ.मा.वि. र ख्वप कलेजमा प्राध्यापक, - वि.सं २०६२ देखि हाल सम्म ख्वप उ.मा.वि.मा व्यवस्थापन संकायका इन्चार्ज, - वि.सं २०६९ देखि हाल सम्म ख्वप उ.मा.वि.मा उप प्राचार्य, - वि.सं २०५३ देखि २०५८ सम्म उज्वल फिड इन्डष्ट्रिजका प्रोप्राइटर ।	संस्थापक समूह
४.	श्री चण्डिका श्रेष्ठ मानभवन, ललितपुर	संचालक	आई.ए.	- सञ्चालकको रुपमा शक्ति हृयूमपाईप उद्योग प्रा.लि.मा विगत २० वर्ष देखि कार्यरत ।	संस्थापक समूह
५.	श्री किशोर हाकुदुवाल लाकोलौछे टोल, भक्तपुर	संचालक	एमविएस, एम.फिल.	- वि.सं २०६७ देखि २०७१ सम्म ख्वप उ.मा.वि.शिक्षक, - वि.सं २०६२ देखि २०६५ बैशाख सम्म भक्तपुर बहुमुखी क्याम्पस व्यवस्थापन संकायका आंशिक शिक्षक, - वि.सं २०६५ देखि २०७३ फाल्गुणसम्म भक्तपुर बहुमुखी क्याम्पस शिक्षण सहायक करार, - वि.सं २०७३ फाल्गुण देखि हालसम्म भक्तपुर बहुमुखी क्याम्पस उप प्राध्यापक ।	सर्वसाधारण समूह
६.	श्री दशरथ रिसाल बाफल काठमाण्डौ	संचालक	आई.ए.	- विगत १० वर्ष देखि यस संस्थाको सञ्चालक रहेको ।	सर्वसाधारण समूह

नोटः (१) हाल नेपाल राष्ट्र बैंकले कायम गरेको ब्यबसायिक विशेषज्ञबाट मनोनित सञ्चालक नियुक्त भैनसकेकोले सञ्चालक पद १ (एक) रिक्त रहेको छ ।

(२) उपरोक्त सञ्चालक समिति यस वित्तीय संस्था र साविक भक्तपुर फाईनान्स कम्पनी लिमिटेड एक आपसमा गाभिए पछि बनेको सञ्चालक समिति हो र यसको कार्यकाल आगामी साधारणसभा सम्म मात्र रहने छ ।

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :

नाम : श्री रजोज मान श्रेष्ठ **ठेगाना** : वडा १३, छाउनी, काठमाण्डौ **योग्यता** : एम.बि.ए., बि.ई.

अनुभव : सेन्ट्रल फाईनान्स लि. मा विगत २० बर्ष देखि कार्यकारी प्रमुखको पदमा रही कार्यरत ।

८. संचालक समितिको बनौट :

वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार ७ जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ:

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	७ जना

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.५२,०६,६२,८१५/- को दुई शेयर बराबर एक शेयर (२ : १) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.२६,०३,३१,४०७/५० बराबरको प्रति शेयर रु.१००/- अंकित दरका २६,०३,३१४.०७५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ

१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

१३. वित्तीय संस्थाको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. शेयर पूँजी	१,८५,१९१	२,४६,५५२	३,०२,२७८	५,२०,६६३	८,४३,४७४	८,४३,४७४	८,४३,४७४
२. जगेडा तथा कोषहरु	७२,८१४	५०,३२२	६५,१५०	१,६०,७०८	२,९७,१०२	४,९१,५१७	७,००,३०६
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	१५,०००	१५,०००	१५,०००	१५,०००
५. निक्षेप दायित्व	१५,२९,८८९	१७,५४,४०६	१९,७७,७३०	२७,३२,६८३	३३,४२,१८४	४०,१०,६२०	४८,१२,७४४
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	३,२२०	२,९२२	-	-	-	-
८. आयकर दायित्व	-	-	४,५४१	-	५८,४५४	८३,३२१	८९,४८१
९. अन्य दायित्व	२८,६२७	२४,५४४	४०,६०८	१,०४,६४३	१,१५,१०८	१,६१,१५१	१,७७,२६७
कुल दायित्व	१८,१६,५२१	२०,७९,०४४	२३,९३,२२९	३५,३३,६९८	४६,७१,३२१	५६,०५,०८४	६६,३८,२७२

सम्पत्ति	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. नगद मौज्दात	१७,१९४	२३,५२४	१९,९८३	३०,७६८	३७,९८३	६२,८७०	९१,९८४
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	७२,६४३	७१,०२१	१,१५,८०१	१,२४,३२९	१,३६,७६२	१,५०,४३८	१,५७,९६०
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	१९,३५५	१,२८,१२६	४३,६३१	५१,९३७	८०,५०३	१,००,६२९	१,४०,८८०
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	४,७१,८०२	४,४५,८९८	७,४४,५०५	६,९६,२१४	७,३१,०२५	९,१३,७८१	१०,५०,८४८
५. लगानी	४४,११४	६०,००३	१९,७८५	१,३४,५७८	१,७८,८४४	१,८३,७६७	१,८८,९३५
६. कर्जा सापट तथा बिल खरिद	१०,९६,३०३	१२,७४,३९६	१३,६५,१७५	२३,५४,०५४	३३,५३,२४०	४०,२२,२४९	४८,२४,९७७
७. स्थिर सम्पत्ति	४६,८०२	४५,१८०	४४,२३४	४६,७७०	४९,१०८	५१,५६४	५४,१४२
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	४८,३०८	३०,८९६	४०,११५	९५,०४८	१,०३,८५५	१,१९,७८६	१,२८,५४५
कुल सम्पत्ति	१८,१६,५२१	२०,७९,०४४	२३,९३,२२९	३५,३३,६९८	४६,७१,३२१	५६,०५,०८४	६६,३८,२७२

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. ब्याज आम्दानी	१,७४,६३९	१,९३,५६१	२,०८,५२७	३,२६,५३२	४२९,८०४	५,७३,५६७	६,५८,००८
२. ब्याज खर्च	१,४४,५७५	१,४१,८९६	१,२६,४६७	१,७८,४९२	२,२७,८०७	२,७५,७३०	३,३०,८७६
खुद ब्याज आम्दानी	३०,०६४	५१,६६५	८२,०६०	१,४८,०७०	२,०१,९९७	२,९७,८३७	३,२७,१३२
३. कमिशन तथा डिस्काउण्ट	१,३५६	१,२८९	१,३९७	१,७०७	२५६१	३,८४२	५,७६३
४. अन्य संचालन आम्दानी	११,८२५	१५,९०५	१७,४८९	२४,०७६	४३,३३६	४९,८२९	५९,७८४
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	४३,२४४	६८,८५९	१,००,९४६	१,७३,८५३	२,४७,८९४	३,५१,५०८	३,९२,६७९
६. कर्मचारी खर्च	१८,७०३	१८,४२९	२०,५७४	३३,१०८	३६,४१८	४१,८८१	५०,२५७
७. अन्य संचालन खर्च	१३,७९८	१३,८४४	१४,४०४	२३,४७९	२८,२६५	३६,५०९	३८,९११
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अधिको संचालन मुनाफा	१०,७४३	३६,५८५	६५,९६८	१,१७,२६६	१,८३,२११	२,७३,११८	३,०३,५११
९. सम्भावित नोक्सानी	१४,३०८	२,३२९	५,१२१	१९,६६५	१७,९१७	९,२९०	१०,८४३
संचालन मुनाफा/(नोक्सान)	-३,५६६	३४,२५६	६०,८४७	९७,६०२	१,६५,२९४	२,६३,८२८	२,९२,६६७
१०. गैर संचालन आम्दानी/(नोक्सान)	७,१२९	३,०२०	२४,७१८	२१,३२१	४९,०३७	४१,६८२	३५,४३०
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	४,७१६	२९,४५५	३१,२१०	२४,०५१	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	८,२७९	६६,७३१	१,१६,७७४	१,४२,९७४	२,१४,३३१	३,०५,५१०	३,२८,०९७
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	८,२७९	६६,७३१	१,१६,७७४	१,४२,९७४	२,१४,३३१	३,०५,५१०	३,२८,०९७
१३. कर्मचारी बोनस व्यवस्था	७५३	६,०६६	१०,६१६	१२,९९८	१९,४८५	२७,७७४	२९,८२७
१४. आयकर ब्यबस्था	५,२४१	१८,७६३	३२,८८८	३८,९९३	५८,४५४	८३,३२१	८९,४८१
यस वर्षको	६,१८२	७,६६१	३२,२९०	३८,९९३	५८,४५४	८३,३२१	८९,४८१
गत वर्षको	३,०६३	६२६	६०	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	४,००४	१०,४७६	५३७	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	२,२८६	४१,९०१	७३,२७१	९०,९८३	१,३६,३९३	१,९४,४१६	२,०८,७८९
शेयर संख्या (हजारमा)	१,८५१.९१	२,४६५.५२	३,०२२.७८	५,२०६.६२	८,४३५	८,४३५	८,४३५
प्रति शेयर आम्दानी (रु.)	१.२४	१६.९९	२४.२४	१७.४७	२६.२०	३७.३४	४०.१०

नोटः आ.ब.०७३/०७४ को अषाढ मसान्त सम्मको वित्तीय विवरणहरु लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	वास्तविक आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
चुक्ता पूँजी	१,८५,१९१	१,८५,७७३	२,४६,७५७	५,२०,६६३	७,८०,९९४	८,४३,४७४	८,४३,४७४
बोनस शेयर निष्कासन	-	६१,१७५	५५,५२०	-	६२,४८०	-	-
जगेडा तथा कोषहरु	७२,८१४	१,११,४९७	६५,१५०	१,६०,७०९	२,९७,१०२	४,९१,५९७	७,००,३०६
कुल	२,५८,००५	३,५८,०४८	३,६७,४२७	६,८१,३७२	११,४०,५७५	१३,३४,९९१	१५,४३,७८०
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	२,५८,००५	३,५८,०४८	३,६७,४२७	६,८१,३७२	११,४०,५७५	१३,३४,९९१	१५,४३,७८०
शेयर संख्या (हजारमा)	१,८५२	१,८५४	२,४६८	५,२०७	७,८१०	८,४३५	८,४३५
प्रति शेयर नेटवर्थ (रु.)	१४०.०७	१४५.२२	१२१.५५	१३०.८७	१९५.५९	२२८.९३	२६४.७३
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	०.८९%	११.७०%	१९.९४%	१३.३५%	११.९६%	१४.५६%	१३.५२%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					२०.०३%		

नोटः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता वित्तीय संस्था आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था RKS & Associates का चार्टर्ड एकाउन्टेण्ट श्री राजेश कुमार शाह रहेको छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित सम्भावित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय नीति, मौद्रिक नीति र बैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

छ) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास करिव २० (बीस) वर्षको रहेकोछ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति अर्थात २०७४/९/३ गतेसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१०) नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट समेत आवेदन फाराम प्राप्त गर्न वा बुझाउन सकिने छ ।

१६. वित्तीय संस्थाको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	२६६/-	१३३/-	१८६/-	२६१.७०
०७२/०७३	२९२/-	१९२/-	२१४/-	१९८.१९
०७३/०७४	२११/-	१६४/-	१९२/-	११८.५१

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७४ आश्विन	१९३/-	१७६/-	१८६/-	२५.४९
२०७४ कार्तिक	१९८/-	१८३/-	१९२/-	७२.११
२०७४ मंसिर	१९४/-	१८१/-	१८४/-	४९.९९

द्रष्टब्यः यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत ववरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न दिन सक्ने,

ख) मनोनयन भै शेयरको लागि आवेदन दिंदा धितोपत्र बजारको कारोबार इकाई अनुसार आवेदन दिनुपर्ने,

ग) हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनीत गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनीतको रुपमा लिन सक्नेछ,

घ) वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

ङ) प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

च) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिनुपर्ने र त्यस्तो हक प्राप्त गर्नेले समेत सोही अवधि भित्र शेयरका लागि दरखास्त दिनु पर्ने ।

छ) हक हस्तान्तरणको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

हक हस्तान्तरण सम्बन्धमा उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा वित्तीय संस्थाले नियामक निकायले तोकेको शर्तको अधिनमा रहि (Fit and Proper Test) पुरा गरेका व्यक्तिलाई नेपाल राष्ट्र बैंकबाट जारि निर्देशन तथा धितोपत्र सम्बन्धि अन्य प्रचलित नियम कानून अन्तर्गत रही हक हस्तान्तरण गर्न सकेन्छन भने २ प्रतिशत् भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।

ख) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा बैङ्कको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैङ्कको हकप्रद शेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन ।

ग) वित्तीय संस्थाको संस्थापक शेयरधनीहरु मध्ये कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचीकृत भई रहेका संस्थापक शेयरधनीले वित्तीय संस्थाको हकप्रद शेयर खरिद गर्न पाउने छैनन् ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप मिति २०७४ साल श्रावण १० गतेको विशेष साधारण सभाबाट २ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी आधारलाई मजवुत तुल्याइ राख्न ।

२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी वित्तीय संस्थाबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिब रु.४,००,००,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिब रु.१९,००,००,०००/-
३.	शाखा विस्तार	करिब रु.१,०३,३१,४०७/-
४.	सरकारी ऋणपत्र	करिब रु.२,००,००,०००/-
	जम्मा	करिव रु.२६,०३,३१,४०७/-

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यबस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	नेपाल इन्भेष्टमेन्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौ ।	००१०१०१०३२७६५७
२.	कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं ।	०१२४५२४६१६८१८०१२
३.	मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौ ।	०१३१०२००२१०६८५००००१

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यबस्था गरिएको छैन ।

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैँतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता वित्तीय संस्थाले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लगनखेल, ललितपुर तथा चिप्लेढुङ्गा, पोखरा ।

२. श्री सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर लगायत शाखा कार्यालयहरु चावहिल काठमाडौ, नारायणगढ चितवन, बुटवल रुपन्देही र च्यामासिंह भक्तपुर, बर्दिबास महोत्तरी, र बर्दघाट, नवलपरासी ।

३. श्री नेपाल इन्भेष्टमेन्ट बैंक लि.का शाखा कार्यालयहरुः विराटनगर मोरङ, बीरगञ्ज पर्सा, नेपालगन्ज बाँके, इटहरी सुनसरी र धनगढी कैलाली ।

४. नेपाल धितोपत्र बोर्डबाट इजाजत पत्र प्राप्त आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि.को वेवसाइट www.niblcapital.com तथा निष्काशनकर्ता कम्पनी सेन्ट्रल फाइनान्स लि. को वेवसाइट www.centralfinance.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस वित्तीय संस्थाको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. ९२,२०,८००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।



दरखास्त फारामको नमूना

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)
कुपण्डोल, ललितपुर, फो.नं.: ५५४४५१७, फ्याक्स नं.: ५५४०८४२
E-mail: central@ntc.net.np, URL: www.centralfinance.com.np
को

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

मितिः २०७४ / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

कोड नं. ☐☐☐

श्री संचालक समिति,
सेन्ट्रल फाइनान्स लिमिटेड
कुपण्डोल, ललितपुर, नेपाल ।

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं. DP ID Client ID

महाशय,

त्यस वित्तीय संस्थाबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/९/३ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस वित्तीय संस्थाको जम्मा …………… कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा वित्तीय संस्थाले जारी गरेको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा …………… कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा …………… कित्ता तथा हक हस्तान्तरण भै आएको …………… कित्ता गरि जम्मा……………कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस वित्तीय संस्थाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID		
जम्मा			Client ID		

प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.	
अक्षरेपी रुपैयाँ			
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम — नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक		
निवेदकको पूरा नाम — In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल	गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole	VDC/Municipality	
जिल्ला	P.o Box No:/District	नागरिकता प्र.नं./जारी भएको जिल्ला	
District		Mobile/phone No.	
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's/ Name			
पति/पत्नीको नाम			
Husband/Wife's Name			
संरक्षकको नाम (नाबालकको हकमा)			
Guardian's Name (Incase of minor)			

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौ ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि. A Subsidiary of
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	CENTRAL FINANCE LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No.
Received by:
Date:
Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com